किसान सुचीकरण सहजर्ताको लागि आवेदन पेश गर्ने बारेको सूचना।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/४ ने.स ११४५ कछलागा चौथी

सूचना नं : १७-०८१/०८२ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिकाको आ.व. २०८१/०८२ को संघीय सशर्त किसान सूचीकरण कार्यक्रम सञ्चालनको लागि मेलम्ची नगरपालिका वडा नं ७, को किसान सुचीकरण गर्नका लागि "किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७" को दफा २० को उपदफा २ अनुसार प्रति परिवार रु ७५।- (अक्षरुपि पचहत्तर रुपैया मात्र) भुक्तानि हुने गरी किसान सुचीकरण सहजर्कता नियुक्त गर्नुपर्ने भएकाले तपशिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले आवेदन पेश गर्नुहुन यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८०/८/१८ गते) भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

पदः किसान सुचीकरण सहजकर्ता

माग संख्याः ४

आवश्यक योग्यता र अनुभव

- १२ कक्षा उतिर्ण वा **S.E.E** गरी कक्षा ११ र १२ अध्ययन गरिरहेको।
- १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष)।
- आफ्नो ल्यापटप वा स्मार्ट फोन भएको।

परीक्षाको किसिम : अन्तर्वार्ता।

आवश्यक कागजातहरु

- निवेदन।
- नेपाली नागरिकताको प्रतिलिपि।
- बायोडाटा।
- शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि।

परीक्षा सञ्चालन मिति : आवेदकको छोटो सुची (Short list) प्रकाशन संगै प्रकाशित गरिनेछ।

करार अबधीः अधिकतम ३ महिना।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखामा सम्पर्क राख्न सक्नुहुनेछ ।

.....

(अशोक कुमार भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत